कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

प. सं: २०८३/०८४
च. नं

मितिः २०८३/०६/०८

श्री प्रधानाध्यापकज्यू/ प्रिन्सिपलज्यू,
सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु,
कमलामाई नगरपालिका, सिन्धुली ।

विषयः- विद्यालयमा सार्वजनिक विदा सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३/०६/०७ गतेको परिपत्र, जल तथा मौसम विज्ञान विभागबाट जारी मौसमसम्बन्धी बुलेटिनमा २०८३ साल असोज ९ गते देखी ११ गतेसम्म देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुन सक्ने पूर्वानुमान गरिएको साथै हाल वर्षाको प्रभाव बढ्दै गएको अवस्थालाई मध्यनजर गरि विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको आवतजावतमा हुन सक्ने सम्भावित जोखिमका आधारमा यस नगरपालिका भित्रका जोखिम सम्भावित स्थानका विद्यालयहरुले विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितको समन्वयमा आवश्यकता अनुसार आज मिति २०८३/०६/०८ गते देखी मिति २०८३/०६/१२ गते सम्म विद्यालयमा सार्वजनिक विदा दिन सक्ने निर्णय भएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

साथै प्रतिकूल मौसमका कारण हुन सक्ने बाढी, पहिरो, डुबान तथा अन्य सम्भावित जोखिमबाट विद्यार्थी, शिक्षक तथा विद्यालयको भौतिक सम्पतिको सुरक्षा गर्न आवश्यक सतर्कता अपनाउनुहुन समेत अनुरोध छ ।

तुलसी प्रसाद कोइराला
नि. प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः

१. शिक्षा विकास तथा समन्वय इकाइ, सिन्धुली, जानकारीका लागि ।
२. सूचना प्रविधी शाखा, वेवसाइट तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक हुन ।


फोन नं. : +९७७-०४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५, ५२०६०८
Phone No. : +977-047-520596, 520512, 520240, 520251, 520245, 520608
E-mail : kamalamaimun.sindhuli@gmail.com
Web Site : kamalamaimun.gov.np